# आदर्श कोतवाल गाउँपालिकाको आ.व २०७५/०७६ को
# बजेट तथा कार्यक्रम

दोस्रो गाउँसभाबाट पारित आ.व. ०७५/०७६ मा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेट विवरण ।

यस आर्थिक बर्षमा आयतर्फ नेपाल सरकार अर्थमन्त्रालयबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत रु. ९ करोड ४४ लाख मात्र, राजश्व बाँडफाँडबाट ५ करोड ८२ लाख ५४ हजार, सशर्त अनुदानमध्ये शिक्षा,स्वास्थ्य ,महिला बालबालिका र कृषि तथा पशु तर्फ समेतगरी जम्मा तर्फ रु ६ करोड ५३ लाख, बहु क्षेत्रिय पोषण कार्यक्रमको रु १३ लाख १७ हजार, सामाजिक सुरक्षा भत्ता को ३ करोड ५ लाख ७० हजार युनिसेफबाट प्राप्त अनुदान रु.१६ लाख , भने प्रदेश सरकारबाट वित्तीय अनुदान तथा सशर्त अनुदान गरि जम्मा रू. ७७ लाख ५ हजार रहेको छ ।आ.व. ०७५।७६ को राजस्व आय प्रक्षेपण रु.२६ लाख ५० हजार, अघिल्लो आ.ब.को नगदमौज्दात रु. ५ करोड १९ लाख ४८ हजार २ सय १८ रुपैया पैसा ५६ मात्र गरी आ.ब. २०७५।०७६ को कुल बजेट ३१ करोड ३७ लाख ४४ हजार २ सय १८ रुपैया पैसा ५६ मात्र रहेको अनुमान गरिएको छ ।

त्यसैगरी खर्च तर्फ चालु तर्फ रु.१५ करोड ६४ लाख ८७ हजार मध्ये रु.४ करोड ६९ लाख मात्र प्रशासनिकि खर्च, कार्यक्रम खर्च ५८ लाख सामाजिक सुरक्षा तर्फ ३ करोड ५ लाख ७ हजार बहुक्षेत्रिय पोषण तर्फ १३ लाख १७ हजार युनिसेफ तर्फ १६ लाख मात्र शसर्त अनुदान ७०३००००० तथा पुजिंगत तर्फ १५४०७९२१८।५६ रकम मध्ये बिकास बजेट खर्च तर्फ रु १४ करोड ३२ लाख २४ हजार ८ सय ३५ रुपैया पैसा ५६ मात्र गरी जम्मा व्यय ३१ करोड ३७ लाख ४४ हजार २ सय १८ रुपैया पैसा ५६ मात्र रहेको अनुमान गरिएको छ ।

नेपाल सरकारद्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत विभिन्न विषयगत कार्यालयको सशर्त अनुदान तर्फको बजेट सम्बन्धित मन्त्रालयबाट नै कार्यक्रम तय भइ आएको जस्ताको तस्तै सम्बन्धित क्षेत्रमै खर्च गर्नुपर्ने भएकाले सो तर्फ कुनै आयोजना र कार्यक्रम बनाइरहनु परेन । अन्य मन्त्रालय तथा निकायबाट यस बाहेक बजेट प्राप्त भएमा योजना प्राथमिकताको आधारमा कार्यपालिकाबाट स्वीकृत गराई खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

# विषयगत क्षेत्रको बजेट

## आर्थिक क्षेत्र

- आर्थिक क्षेत्र अन्तर्गत कृषि सम्बन्धी फरक-फरक कार्यक्रममा गरी जम्मा रु. १ करोड ५ लाख रकम विनियोजन गरिएको छ ।
- त्यसैगरी उद्योग तथा वाणिज्य सम्बन्धी क्षेत्रमा रु. ५ लाख रुपैयाँ विनियोजन गरिएको छ।
- सहकारी क्षेत्रमा रु १ लाख ५० हजार रुपियाँ बिनियोजन गरिएको छ ।

## सामाजिक विकास

- सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा क्षेत्रका विभिन्न फरक- फरक कार्यक्रमको लागि ७७ लाख ४५ हजार ८ सय ६५ रुपैयाँ मात्र विनियोजन गरिएको छ।
- स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमको लागि रु. २७ लाख १२ हजार ५ सय ८९ रुपैयाँ मात्र विनियोजन गरिएको छ।
- खानेपानी तथा सरसफाई सम्बन्धी विभिन्न आयोजना र कार्यक्रमको लागि ६२ लाख विनियोजन गरिएको छ ।
- संस्कृति प्रवर्दन अन्तर्गत विभिन्न कार्यक्रमको लागि १ करोड २८ लाख ५० हजार १६० रकम विनियोजन गरिएको छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत विभिन्न कार्यक्रमको लागि २१ लाख ८० हजार विनियोजन गरिएको छ ।
- खेलकुद तथा मनोरञ्जन अन्तर्गत विभिन्न कार्यक्रमका लागी ७ लाख विनियोजन गरिएको छ ।

## पुर्वाधार विकास

- स्थानिय सडकका लागि ६ करोड ९२ लाख ८६ हजार ७७३ रकम विनियोजन गरिएको छ ।
- स्थानिय स्तरका विभिन्न भवनका लागी ४१ लाख १८ हजार ७९१ रकम विनियोजन गरिएको छ।
- स्थानिय स्तरका उर्जाका लागी ४० लाख ११ हजार १५५ रकम विनियोजन गरिएको छ ।

## वातावरण तथा विपद व्यवस्थापन

- वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत वन तथा भु- संरक्षण क्षेत्रका लागि रु. ४ लाख विनियोजन गरिएको छ ।
- वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत फोहोरमैला तथा ढल व्यवस्थापनका लागी १ करोड ४५ लाख ७२ हजार ५० रुपैयाँ रकम मात्र विनियोजन गरिएको छ ।
- वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत जल उतपन्न प्रकोप नियन्त्रन तथा विपद व्यवस्थापनका लागी ८ लाख ३९ हजार ४ सय २० रुपैयाँ पैसा ५६ मात्र विनियोजन गरिएको छ ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ कार्यालय व्यवस्थापन लगायतका सामान्य सेवा तर्फ रु. ३२ लाख २५ हजार रुपैयाँ विनियोजन गरिएको छ ।

## अन्य तर्फ

- सवारी साधनका लागी १ करोड ४७ लाख विनियोजन गरिएको छ ।
- पोषण कार्यक्रमका लागी ८ लाख विनियोजन गरिएको छ ।
- बेटी बचाउ बेटी पढाउ कार्यक्रमका लागी १५ लाख विनियोजन गरिएको छ ।
- जेष्ठ नागरी सम्मान कार्यक्रम अन्तर्गत अति गरिव दलित तथा विपन्न जेष्ठ नागरीकलाई जाडोमा कम्बल वितरण कार्यक्रमका लागी रु ८ लाख विनियोजन गरिएको छ ।
- समपुरक कोषमा रु ४३ लाख ९५ हजार ४ सय १५ रुपैयाँ विनियोजन गरिएको छ ।